# अध्यापन अनुमति पत्र वितरण र व्यवस्थापन सम्बन्धी कार्यविधि

## २०७७

शिक्षक सेवा आयोग

सानोठिमी भक्तपुर

# अध्यापन अनुमति पत्र वितरण र व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७

**१. प्रस्तावना**

शिक्षक सेवा आयोगले शिक्षा ऐन, २०२८(संशोधन सहित) र शिक्षक सेवा आयोग नियमावली २०५९(संशोधन सहित) को अधिनमा रही २०७६ साल आषाढमा प्रकासित विज्ञापन अनुसारको लिइएको अध्यापन अनुमति पत्रको परीक्षामा सफल उम्मेदवारलाई जारी गरिने अध्यापन अनुमति पत्रको अभिलेख, वितरण र व्यवस्थापन कार्यलाई व्यवस्थित बनाउने उद्देश्यले शिक्षक सेवा आयोग नियमावली, २०५९ (संशोधन सहित) को नियम ५३ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरिएको छ ।

**२. संक्षिप्त नाम, विस्तार र प्रारम्भ**

१. यस कार्यविधिको नाम **"अध्यापन अनुमति पत्र वितरण र व्यवस्थापन कार्यविधि, २०७७"** रहेको छ ।

२. यो कार्यविधि आयोगद्वारा सूचना प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

**३.** यो कार्यविधि आयोग, सम्बन्धित प्रदेश सरकार मातहतको शिक्षा विकास निर्देशनालय, शिक्षा विकास तथा समन्वय इकाइ र सम्बन्धित उम्मेदवारहरूको हकमा लागु हुनेछ ।

**४. परिचय र परिभाषा**

परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

क) "ऐन" भन्नाले शिक्षा ऐन, २०२८ लाई सम्झनु पर्दछ ।

ख) "नियमावली" भन्नाले शिक्षक सेवा आयोग नियमावली, २०५७ लाई सम्झनु पर्दछ ।

ग) "आयोग" भन्नाले शिक्षक सेवा आयोगलाई सम्झनु पर्दछ ।

घ) "निर्देशनालय" भन्नाले प्रदेश सरकार मातहतको प्रदेशमा रहेको शिक्षा विकास निर्देशनालयलाई सम्झनु पर्दछ ।

ङ) "उत्तीर्ण उम्मेदवार" भन्नाले आयोगको विज्ञापन नं. ३२/०७६ देखि ३६/०७६ सम्मको लिखित परीक्षामा उत्तीर्ण उम्मेदवारलाई सम्झनु पर्दछ ।

च) "अध्यापन अनुमति पत्र" भन्नाले आयोगको विज्ञापन नं. ३२/०७६ देखि ३६/०७६ अन्तर्गत सफल उम्मेदवारहरूलाई वितरण गरिने अध्यापन अनुमति पत्रलाई सम्झनु पर्दछ ।

छ) विज्ञापन नं. ३२/०७६ भन्नाले प्राथमिक तहको अध्यापन अनुमति पत्रलाई सम्झनु पर्दछ ।

ज) विज्ञापन नं. ३३/०७६ भन्नाले निम्न माध्यमिक तहको विषयगत अध्यापन अनुमति पत्रलाई सम्झनु पर्दछ ।

झ) विज्ञापन नं. ३४/०७६ भन्नाले माध्यमिक तहको विषयगत अध्यापन अनुमति पत्र (तालिम सहितको) लाई सम्झनु पर्दछ ।

ञ) विज्ञापन नं. ३५/०७६ भन्नाले साबिक उच्चमाध्यमिक तहका शिक्षकहरूको निमित्त जारी विषयगत अध्यापन अनुमति पत्रलाई सम्झनु पर्दछ।

ट) विज्ञापन नं. ३६/०७६ भन्नाले शिक्षा ऐन, २०२८ को दफा ११ड को उपदफा ६ क बमोजिम जारी अध्यापन अनुमति पत्रलाई सम्झनु पर्दछ ।

**५. अध्यापन अनुमति पत्र सम्बन्धमा आयोगले सम्पादन गर्ने कार्यहरू :**

क) अध्यापन अनुमति पत्रको परीक्षामा सफल भएका उम्मेदवारहरूको तिनपुस्ते विवरण, अध्यापन अनुमति पत्रको अभिलेख राख्ने रजिष्टर, विवरण भरिएको अध्यापन अनुमति पत्र र त्यसमा टाँस गर्ने स्टिकरहरू निर्देशनालयहरूलाई पठाउने ।

ख) उम्मेदवारहरूलाई अध्यापन अनुमति पत्र वितरण गर्ने प्रक्रिया, वितरण गरिने मिति, समय र पेश गर्नु पर्ने कागजात सम्बन्धी सूचना जारी गर्ने ।

ग) उम्मेदवारहरूबाट प्राप्त निवेदन रुजु गर्ने, अध्यापन अनुमति पत्र वितरण गर्ने र अभिलेख राख्ने सम्बन्धी विस्तृत व्यहोरा खुलेको कार्यविधि जारी गर्ने ।

घ) विवरण फरक पर्न गई निर्देशनालय स्वयंले सच्याउन सक्ने वा सच्याउनको लागि आयोगमा सिफारिस गरी पठाउने अध्यापन अनुमति पत्रका प्रकार र प्रक्रिया उल्लेख भएको कार्यविधि पठाउने ।

ङ) अध्यापन अनुमति पत्रको अभिलेख व्यवस्थित गर्ने गराउने ।

च) यस कार्यविधि अन्तर्गत रही अध्यापन अनुमति पत्र सम्बन्धमा आवश्यक निर्णयहरु गर्ने/गराउने र कार्यान्वयन गर्ने ।

**६. अध्यापन अनुमति पत्र सम्बन्धमा निर्देशनालयहरूले सम्पादन गर्ने कार्यहरू :**

क) अध्यापन अनुमति पत्र वितरण, अभिलेख र व्यवस्थापन सम्बन्धमा आयोगद्वारा जारी कार्यविधिको कार्यान्वयनमा कुनै जिज्ञासा वा अस्पष्टता भए आयोगमा लेखी पठाउने ।

ख) आयोगद्वारा अध्यापन अनुमति पत्र वितरण सम्बन्धमा प्राप्त उम्मेदवारहरूको सूची, सूची अनुसार रजिष्टर, अध्यापन अनुमति पत्रहरू र स्टिकर प्राप्त भए नभएको रुजु गर्ने ।

ग) अध्यापन अनुमति पत्र वितरण गर्ने समय, मिति, पुरा गर्नु पर्ने प्रक्रिया, संलग्न गर्नुपर्ने कागजात बारे समेत उम्मेदवारलाई जानाकारी गराउने ।

घ) उम्मेदवारबाट अध्यापन अनुमति पत्रको लागि प्राप्त निवेदन र पेश भएका कागजातहरू रुजु गर्ने ।

ङ) उम्मेदवारले पेश गरेको निवेदन रुजु गरी सोही दिन अध्यापन अनुमति पत्र जारी गर्ने वा सो दिन जारी गर्न नसकिने भएमा सोको जानकारी उम्मेदवारलाई समयमा नै गराउने ।

च) कोभिड–१९ संक्रमणको जोखिमबाट सुरक्षित रहने उपायहरू पालना गरी गराई अध्यापन अनुमति पत्र वितरणको व्यवस्था मिलाउने ।

**७. उम्मेदवारहरूले अध्यापन अनुमति पत्रको लागि निवेदन साथ पेश गर्नु पर्ने कागजातहरू :**

क) तोकिएको ढाँचाबमोजिम पूर्ण रूपले भरिएको निवेदन ।

ख) सम्बन्धित विज्ञापनको लागि तोकिएका कागजातहरू (उम्मेदवार स्वयंले प्रमाणित गरी पेश गर्ने) । शैक्षिक योग्यताको हकमा प्रवेशिका परीक्षा देखि तोकिएको न्युनतम शैक्षिक योग्यता उत्तिर्ण गरेको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

ग) निवेदनको साथमा हालसालै खिचेको अटो साइजको २ प्रति फोटो

विज्ञापन अनुसार निम्न कागजातहरु निवेदन साथ पेश गर्नु पर्नेछ ।

**क) विज्ञापन नं. ३२/०७६ को लागि**

१. कम्तिमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको प्रमाण पत्रको प्रतिलिपि ।
२. शिक्षा विषयमा न्यूनतम १० महिने अवधिको तालिम वा शिक्षा विषयमा प्रवीणता प्रमाण पत्र वा सो सरहको परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि ।
३. प्रवेश पत्रको प्रतिलिपि ।
४. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

**ख) विज्ञापन नं. ३३/०७६ को लागि**

१. मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा न्यूनतम २०० पूर्णाङ्क बराबरको पाठ्यभार सहित प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि ।
२. शिक्षा विषयमा न्यूनतम १० महिनाको तालिम पूरा गरेको वा शिक्षा विषयमा प्रवीणता प्रमाण पत्र वा सो सरहको परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि ।
३. प्रवेश पत्रको प्रतिलिपि ।
४. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

**ग) विज्ञापन नं. ३४/०७६ को लागि**

१. मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा न्यूनतम ३०० पूर्णाङ्क बराबरको पाठ्यभार सहित स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्र ।
२. शिक्षा विषयमा न्यूनतम १० महिनाको तालिम पूरा गरेको वा स्नातक तह उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि।
३. प्रवेश पत्रको प्रतिलिपि ।
४. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

**घ) विज्ञापन नं. ३५/०७६ को लागि**

१. मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा न्यूनतम ३०० पूर्णाङ्क बराबरको पाठ्यभार सहित स्नातकोत्तर वा सो सरहको परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि ।
२. साविक उच्च मा.वि.मा कार्यरत शिक्षकको हैसियतले हासिल गरेको अस्थायी अध्यापन अनुमति पत्रको सक्कल प्रति ।
३. प्रवेश पत्रको प्रतिलिपि ।
४. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

**ङ) विज्ञापन नं. ३६/०७६ को लागि**

१. मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान,  कम्प्युटर विज्ञान, कम्प्युटर इन्जिनियरिङ्ग, इलेक्ट्रीकल इन्जिनियरिङ्ग, सिभिल इन्जिनियरिङ्ग, गणित, अंग्रेजी, कार्यालय सञ्चालन र लेखा, कानुन, कृषि विज्ञान र पशु विज्ञान विषयमा न्यूनतम ३०० पूर्णाङ्क बराबरको पाठ्यभार सहित स्नातकोपाधि हासिल गरेको प्रमाणपत्रको प्रतिलिपि ।
२. प्रवेश पत्रको प्रतिलिपि ।
३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

**<u>स्पष्टिकरण</u> : खण्ड ङ बमोजिमका अध्यापन अनुमति पत्र प्राप्त व्यक्तिले २०८१ चैत्र मसान्तभित्र शिक्षक सेवा आयोग नियमावली २०५७ को नियम ९ बमोजिमको तालिम लिइ सक्नुपर्नेछ ।**

**८. अध्यापन अनुमति पत्र प्राप्त व्यक्तिहरूको विवरण रजिष्टरमा उतार गर्ने तरिका**

अध्यापन अनुमति वितरण गर्नु पूर्व निर्देशनालयले अनुमति प्राप्त व्यक्तिहरूको विवरण तपसिल बमोजिम आयोगबाट उपलव्ध गराइएको रजिष्टरमा उतार गरेपश्चात मात्र वितरण गर्नुपर्नेछ ।

क) रजिष्टरमा विवरण उतार गर्दा तहगत रूपमा अलग अलग रजिष्टरको प्रयोग गर्नुपर्नेछ ।

ख) त्यसरी रजवष्टरमा विवरण प्रविष्टि गर्दा एउटा रजिष्टर पुरा भएपछि मात्र सोही तहको लागि अर्को रजिष्टर प्रयोग गर्नुपर्नेछ ।

ग) माध्यमिक तथा निम्न माध्यमिक तहको लागि आयोगबाट पठाइएको विषयगत अभिलेखको आधारमा रजिष्टरमा विवरण उतार गर्नुपर्नेछ । त्यसरी विवरण उतार गर्दा क्रमशः नेपाली, अंग्रेजी, गणित, विज्ञान, सामाजिक——.. –.. विषयहरूको विवरण उतार गर्नुपर्नेछ ।

घ) एउटा विषयको उम्मेदवारहरूको विवरण उतार गरिसकेपछि करिब २ पाना खाली छोडी सोही रजिष्टरमा अर्को विषयको सुरुवात गर्नुपर्नेछ ।

ङ) रजिष्टरको सुरुमा पेज सहितको विषयगत सूची उल्ख गरेको हुनुपर्नेछ ।

च) रजिष्टरमा विवरण उतार गर्दा आयोगबाट पठाइएको विवरणको आधारमा TSC ID, परीक्षार्थीको नाम, रोल्नं, ठेगाना, नागरिकता नं, बाबुको नाम, बाजेको नाम उतार गर्ने र अन्य विवरण (शैक्षिक योग्ता र तालिम सम्बन्धी विवरण), व्यक्तिले आवेदन सहित बुझाएको प्रमाणपत्रको आधारमा उतार गर्ने ।

छ) आयोगबाट पठाइएको स्टिकर उम्मेदवारको फोटोमा समेत पर्नेगरी टाँस गरेपछि मात्र स्टिकर नम्बर रजिष्टरमा लेख्ने । त्यसरी कायम गरिने स्टिकर नम्बर सम्भव भएसम्म क्रमबद्ध गर्ने ।

ज) विवरण प्रविष्टि गरिएका रजिष्टरहरू सम्बन्धित कर्मचारी र कार्यालय प्रमुखबाट क्रमशःरूजु र प्रमाणित गरेर राख्नुपर्दछ ।

**९. अध्यापन अनुमति पत्रको वितरण र अभिलेख राख्ने तरिका**

निर्देशनालयले आयोगबाट प्राप्त रजिष्टरमा अध्यापन अनुमति पत्र पाउने व्यक्तिहरुको निम्न बमोजिमका विवरण अद्यावधिक गरी वितरणको व्यवस्था मिलाउनु पर्नेछ ।

क) उम्मेदवारको नाम, रोल नं., नागरिकता नं., शैक्षिक योग्यता र तालिमको विवरण रुजु गरी फरक नपर्ने किसिमबाट अभिलेख राख्नु पर्नेछ ।

ख) आयोगबाट पठाइएको स्टिकर, प्रमाणपत्र र फोटोमा पर्ने गरी टाँस गर्ने र स्टिकरको नं. अभिलेख पुस्तिकामा उल्लेख गर्नु पर्नेछ ।

ग) उम्मेदवारले पेश गरेको दुई प्रति फोटो मध्ये एक प्रति प्रमाणपत्रमा र एक प्रति अभिलेख पुस्तिकामा टाँस गर्नु पर्नेछ ।

घ) शिक्षा विकास निर्देशनालयको प्रमुख वा प्रमुखको हैसियतमा काम गर्ने जिम्मेवारी प्राप्त गरेको आधिकारिक व्यक्तिले उम्मेदवारको फोटोमा पर्ने गरी कालो मसीको कलमले प्रमाण पत्र र रजिष्टर दुवैमा हस्ताक्षर गर्नु पर्नेछ ।

ङ) प्रमाणपत्र सम्बन्धित व्यक्तिको उपस्थितिमा निजलाई बुझिलिनेको हस्ताक्षर कोठामा सही गराई बुझाउनु पर्नेछ । उम्मेदवार स्वयम् उपस्थित हुन नसक्ने भएमा आवश्यक कागजातहरू लिइ मन्जुरनामाको आधारमा पनि अध्यापन अनुमति पत्र वितरण गर्न सकिनेछ । त्यसरी मञ्जुरनामा

मार्फत प्रमाणपत्र बुझिलिनेले आफ्नो टेलिफोन नम्बर सहित परिचय खुल्ने (परिचय पत्र वा नागरिकता) कागजात पनि पेश गर्नुपर्नेछ ।

च) सम्बन्धित उम्मेदवारको तहगत तथा विषयगत कायम भएको रोल नं भन्दा फरक विषय वा तहबाट उत्तीर्ण गरेको पाइएमा तत्काल आयोगमा सम्पर्क गर्नु पर्नेछ ।

छ) त्यसप्रकार अध्यापन अनुमति पत्र आयोगको निर्देशन अनुसार मात्र वितरण गर्नु पर्नेछ ।

**१०. निर्देशनालय स्वयंले सच्याउन सक्ने अध्यापन अनुमति पत्र सम्बन्धी विवरण**

आयोगले निर्देशनालयहरूमा पठाएको सफल उम्मेदवारको विवरणसँग फरक परेको पाइएमा सामान्य प्रकृतिका निम्न बमोजिमका विवरणहरू निर्देशनालय आफैंले सच्याई अध्यापन अनुमति पत्र वितरण गर्न सक्नेछन् :

क) हिज्जे नमिलेको, रेफ, उकार, इकार, ह्रस्व, दीर्घ नमिलेको ।

ख) नागरिकतामा उल्लेखित जिल्ला बाहेक स्थानीय तहको नाम र वडा फरक परेको भए स्थानीय तहको सिफारिसको आधारमा स्थायी ठेगाना फरक परेको विवरण ।

ग) व्यक्तिको मध्यनाम फरक परेमा ।

घ) नागरिकता नम्बर फरक परेमा ।

**उदाहरणको लागि**

**जनकपुर-२ जनकपुर स्थायी ठेगाना र नागरिकता नम्वर १२३५/२०६२ भएकी अनिता कुमारी साहको अध्यापन अनुमति पत्रमा**

| | |
|---|---|
| **अनिता कुमारी साह हुनुपर्नेमा** | अनीता कुमरी साह, वा |
| | अनित हुमारी शाह, वा |
| | अनिता कुमार साह वा |
| | अमिता कुमारी साह, भएमा |
| **जनकपुर-२, धनुषा हनु पर्नेमा** | जनकपुर-१२, धनुषा वा |
| | मिथिलेश्वर -५, धनुषा वा |
| | जनकपुर-२ जनकपुर वा |
| | जनकपुर -२ महोत्तरी भएमा |
| **१२३५/२०६२, धनुषा हुनुपर्नेमा** | १३५/२०६२, धनुषा वा |
| | १३३५/२०६२, धनुषा वा |
| | १२३५/२०६०, धनुषा भएमा |

ङ) उम्मेदवारहरूको थर सच्याउनुपर्ने अवस्थामा नागरिकताको प्रमाणपत्र, विवाहित महिलाको हकमा विवाह दर्ता प्रमाणपत्र तथा सम्बन्ध बिच्छेदको प्रमाणपत्र समेतको आधारमा गर्न सकिनेछ ।

**११. अध्यापन अनुमति पत्र तत्काल जारी गर्न नसकिने अवस्था**

क) उत्तीर्ण उम्मेदवारको प्रवेसपत्र र अनुमति पत्रमा पुरै नाम फरक परेमा ।

ख) प्रमाण पत्र र नागरिकतामा पुरा नाम तथा जन्म मिति फरक परेको अवस्थामा

ग) विज्ञापन नं. ३२/०७६, ३३/०७६ र ३४/०७६ को हकमा शिक्षा सम्बन्धी विषयमा तालिमको प्रमाण पत्र पेश नगरेमा ।

घ) विज्ञापन नं. ३३/०७६, ३४/०७६, ३५/०७६ र ३६/०७६ को हकमा अध्यापन अनुमति पत्र जारी हुने विषयसँग मिल्दो जुल्दो शैक्षिक योग्यता हासिल नगरेको वा न्यूनतम पूर्णाङ्क अध्ययन गरेको नपाइएमा ।

ङ) सम्बन्धित तहको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता नै उत्तीर्ण नगरेको अवस्थामा

च) आवेदनको अन्तिम मिति (२०७६/०३/२९) सम्ममा सम्बन्धित तहको शैक्षिक योग्यता उत्तीर्ण नगरी त्यस भन्दा पछाडि उत्तीर्ण भएको पाइएमा

छ) विज्ञापन नं. ३६/०७६ मा आवेदन गर्न पाउने उम्मेदवारले विज्ञापन नं. ३४/०७६ मा उत्तीर्ण भएको पाइएमा

ज) अध्ययन गरेको विषयको सट्टा अर्को विषयबाट उत्तीर्ण गरेको अवस्थामा

**१२. सच्याउनको लागि आयोगमा पठाउनुपर्ने अध्यापन अनुमतिपत्र सम्बन्धी विवरणहरू**

आयोगमा रहेको अभिलेखसँग उम्मेदवारको निम्न विवरण फरक परेको देखिएमा वा कार्यविधिको प्रकरण ९ बमोजिम तत्काल अनुमति पत्र जारी गर्न नसकिने अवस्थामा सच्याउनको लागि त्यस्ता निवेदन आयोगमा पठाउनु पर्नेछ ।

क) उत्तीर्ण उम्मेदवारको पुरै नाम फरक परेमा ।

ख) नागरिकता लिएको जिल्ला फरक परेमा ।

ग) विज्ञापन नं. ३२/०७६, ३३/०७६ र ३४/०७६ को हकमा शिक्षा सम्बन्धी विषयमा तालिमको प्रमाण पत्र पेश नगरेमा ।

घ) विज्ञापन नं. ३३/०७६, ३४/०७६, ३५/०७६ र ३६/०७६ को हकमा अध्यापन अनुमति पत्र जारी हुने विषयसँग मिल्दो जुल्दो शैक्षिक योग्यता वा न्यूनतम् पूर्णाङ्क अध्ययन गरेको नपाइएमा ।

ङ) फरक रोल नं. बाट अध्यापन अनुमतिपत्र माग गरेमा ।

च) प्रवेश पत्रको प्रतिलिपि पेश नगरेमा ।

छ) बाबुको पुरा नाम थर फरक परेमा ।

ज) आयोगले उपलब्ध गराएको प्रमाणपत्रमा विवरण पुरा नभएमा वा खाली रहेमा ।

**१३. सामाजिक विषयको अध्यापन अनुमति पत्र सम्बन्धमा**

कार्य विधिको प्रकरण नं. ९ मा जे सुकै लेखिएको भएता पनि विज्ञापन नं. ३३/०७६ देखि ३६/०७६ अन्तर्गतको सामाजिक विषयको अध्यापन अनुमति पत्रको लागि अर्थशास्त्र, समाजशास्त्र, मानवशास्त्र, राजनीतिशास्त्र, दर्शनशास्त्र, भूगोल, इतिहास, नारगरिकशास्त्र, नीतिशास्त्र, ग्रामीण विकास, मनोविज्ञान, कला संस्कृति, जनसंख्या शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा विषय मध्ये कुनै एकमा सम्बन्धित तहको लागि तोकिएको पूर्णाङ्क र योग्यता हासिल गरेको भए आयोगको स्वीकृति लिई रहनु पर्ने छैन ।

**१४. विज्ञापन नं. अनुसारको तोकएको शैक्षिक योग्यता र रोल नं. फरक परेको अध्यापन अनुमति पत्र सम्बन्धमा**

क) आयोगको विज्ञापन नं. ३६/०७६ को लागि योग्य व्यक्तिले विज्ञापन नं. ३४/०७६ उल्लेख गरी उत्तीर्ण भएको पाइएमा त्यस्तो उम्मेदवारलाई विज्ञापन नं. ३६/०७६ बमोजिमको अनुमति पत्र उपलब्ध गराउनु पर्नेछ ।

ख) निर्देशलालयले त्यस प्रकारको अध्यापन अनुमति पत्र प्राप्त गर्ने उम्मेदवारहरुको विवरण संकलन गरी आयोगमा पठाउनु पर्नेछ ।

ग) आयोगले त्यस्ता उम्मेदवारहरुको प्रमाण पत्र पुनः छपाइ गरी सीघ्र निर्देशनालयमा पठाउनु पर्नेछ ।

घ) निर्देशनालयले आयोगबाट प्राप्त प्रमाण पत्रको अभिलेख राखी यस कार्यविधि बमोजिम सम्बन्धित उम्मेदवारहरूलाई प्रमाण पत्र वितरणको व्यवस्था मिलाउनु पर्नेछ ।

ङ) त्यस प्रकारका अध्यापन अनुमति पत्रमा रोल नं. भने प्रवेश पत्र अनुसारको नै हुनेछ ।

**१५. माध्यमिक तहको शर्त उल्लेख गरेको अध्यापन अनुमति पत्रलाई स्थायीमा रुपान्तरण गर्ने सम्बन्धमा**

क) आयोगको विज्ञापन नं. ३५/०७६ र ३६/०७६ अन्तर्गतका शर्त उल्लेख गरेको अध्यापन अनुमति पत्रलाई स्थायीमा रुपान्तरण गर्न चाहने व्यक्तिले तोकिएको अवधिभित्र निजले तालिम प्राप्त गरेको प्रमाणपत्र र शर्त उल्लेख गरेको अध्यापन अनुमति पत्रको सक्कल सहित सम्बन्धित निर्देशनालयमा निवेदन दिनुपर्नेछ ।

ख) निर्देशनालयले त्यस्ता प्रमाण पत्रहरू संकलन गरी स्थायी अध्यापन अनुमति पत्रको अभिलेख अद्यावधिक गर्ने प्रयोजनको लागि आयोगमा पठाउनु पर्नेछ ।

ग) आयोगले यसरी प्राप्त निवेदनहरूलाई रुजु गरी आवश्यक शर्त पूरा भएको देखिएमा स्थायी अनुमति पत्रमा रुपान्तरण गर्ने निर्देशन सहित आवश्यक प्रमाण पत्र निर्देशनालयहरूमा पठाउनु पर्नेछ ।

घ) निर्देशनालयले अभिलेख राखी त्यस्ता प्रमाणपत्रहरू वितरण गर्नुपर्नेछ ।

**१६. निर्देशनालयले अभिलेख सच्याउने तरिका :**

क) यस कार्यविधि बमोजिम निर्देशनालयले सच्याउन सक्ने विवरणहरू सम्बन्धित उम्मेदवारको प्रमाणपत्रमा सच्याई त्यसमा पुच्छ्रे सही गर्नुपर्नेछ ।

ख) विवरण सच्चाइएको आधारहरू/कारणहरू प्रमाणपत्रको पछाडि उल्लेख गरी सही गर्नेको नाम र कार्यालय सहित पूरा सही गर्नु पर्नेछ  र कार्यालयको छाप लगाउनु पर्नेछ ।

ग) सच्याइएको विवरण अभिलेख रजिष्टरमा पनि सही गरी हस्ताक्षर गर्नु पर्नेछ ।

घ) त्यसरी सच्याइएको विवरण संकलित गरी चौमासिक रूपमा आयोगमा पठाउनु पर्नेछ ।

**१७. कार्यविधि कार्यान्वयनमा कुनै द्विविधा भएमा आयोगमा सम्पर्क गर्नु पर्नेछ र आयोगको निर्देशन बमोजिम कार्यान्वयनमा लैजानु पर्नेछ ।**